## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०५/२० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु **धनलाल चौलागाई, सालीग्राम एडी, बिष्णु बहादुर शाही, रुद्रबहादुर वली, हर्कधन बुढा, धर्मबीर पल्ली मगर, काली बहादुर बुढा, रतन बुढा र विरकुल्ली बुढा** मु.नं (०८०-CR-०१२८) फैसला मिति २०८१।०६।०७ | गैरकानुनी लाभ तथा हानि पुर्‍याई भ्रष्टाचार गरेको । | **आयोगको माग दावी**<br>• **हुम्ला जिल्ला चंखेली गाउँपालिका तत्कालिन अध्यक्ष प्रतिवादी धनलाल चौलागाई, प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी विष्णुबहादुर शाही, इन्जिनियर प्रतिवादी रुद्रबहादुर वली, लेखापाल प्रतिवादी धर्मवीर पल्ली मगर र सबइन्जिनियर प्रतिवादी हर्कधन बुढाको हकमाः** प्रतिवादीहरु धनलाल चौलागाई, विष्णुबहादुर शाही, रुद्रबहादुर वली, धर्मवीर पल्ली र हर्कधन बुढालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिम कसुरमा विगो रु.५,१५,१०८।९७ (अक्षेरपि पाँच लाख पन्ध्र हजार एक सय आठ रुपैंया सन्तानब्बे पैसा) कायम गरी निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र जरिवाना गरि बिगो असुल उपर हुन समेत मागदावी लिइएको देखिन्छ ।<br>• **उपभोक्ता समितिका अध्यक्ष कालीबहादुर बुढा, सचिव रतन बुढा र कोषाध्यक्ष बिरकुल्ली बुढाको हकमाः** प्रतिवादीहरु कालीबहादुर बुढा, रतन बुढा र विरकुल्ली बुढालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा निज प्रतिवादीहरुलाई विगो रु. ५,१५,१०८।९७ (अक्षेरपि पाँच लाख पन्ध्र हजार एक सय आठ रुपैंया सन्तानब्बे पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदावी लिइएको देखिन्छ ।<br>• **वडा नं ३ का अध्यक्ष सालीग्राम ऐडीको हकमाः** प्रतिवादी सालीग्राम ऐडीलाईई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिइएको देखिन्छ ।<br>**अदालतको फैसला**<br>• प्रतिवादीहरु धनलाल चौलागाई, विष्णुबहादुर शाही, रुद्रबहादुर वली, धर्मवीर पल्ली, हर्कधन बुढा, कालीबहादुर बुढा, रतन बुढा, विरकुल्ली बुढा र सालीग्राम ऐडी समेत उपर लिईएको आरोप दावी विश्वासनिय प्रमाणबाट पुष्टि हुन नसकेको आधार लिई विशेष अदालतबाट प्रतिवादीहरुलाई आरोप दावीबाट | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• उक्त खानेपानी योजनाको लहडे खोलामा रहेको इन्टेकदेखि मुहानसम्म पनि पुरानो पाइप निकाली मर्मत गर्दा माटोको काम हुन सक्ने नै देखिएको।<br>• दुर्गम क्षेत्रका स्थानीय बासिन्दाहरु खानेपानी जस्तो न्यूनतम आधारभूत आवश्यकताको विषयमा लाभान्वित भएको देखिएको । व्याफू गाउँसम्म पानी आई २०।२२ धुरी लाभान्वित रहेको देखिएको ।<br>• प्रतिवादीहरु उपर लिइएको आरोप दावी विश्वासनिय प्रमाणबाट पुष्टि हुन सकेको नदेखिएको। | • आ.व. २०७४/०७५ मा हुम्ला जिल्ला चंखेली गाउँपालिका वडा नं. ३ स्थित ब्याफु खानेपानी मर्मत योजनाको लागि उक्त पालिकाबाट रु. ७,८१,६७६।२८ (अक्षेरपि सात लाख एकासी हजार छ सय छहत्तर रुपैंया र पैसा अठ्ठाइस) बराबर रकमको स्टिमेट तयारी एवं स्वीकृत भई कार्य प्रारम्भ भएको प्रस्तुत खानेपानी योजनाको नापी कितावमा Earthwork excavation in boulder mix soil कार्य ४७३.०४ घनमिटर (१३१४ मि *०.४५ मि *०.८० मि) र सोही परिमाण बराबरको Earthwork filling गरेको व्यहोरा उल्लेख गरि उपभोक्ता समितिको बिल र कार्य सम्पन्न प्रतिवेदनलाई स्वीकृत गरी उपभोक्ता समितिलाई उक्त निर्माण कार्य गरे बापत कन्टिजेन्सी खर्च रु.३५,०१५।— र अग्रिम आयकर रु.९,९८०।- कट्टी गरी रु.६,५५,३१५।—(अक्षेरपि छ लाख पचपन्न हजार तीन सय पन्ध्र रुपैंया मात्र) भुक्तानी भएको देखिन्छ। उक्त योजनाका लागि रु.७,००,०००।— विनियोजन भएकोमा उक्त रकममा अनियमितता भएको भन्ने समेत व्यहोराको उजुरी मिति २०७५/११/२७ आयोगमा दर्ता हुन आएकोले सो विषयमा छानबिनको लागी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतका सबइन्जिनियर प्रशान्त थापाले उक्त आयोजनाको स्थलगत अनुगमन तथा नापजाँच गरि पेश गरेको प्रतिवेदनमा ब्याफु खानेपानी मर्मत योजनामा पाईपलाइन बिछ्याउनका निम्ति माटो खन्ने तथा पुर्ने कार्य भए पनि गाउँपालिकाको नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदनमा १३१४ मिटर कुल लम्बाई सम्म पाईपलाइन बिछ्याउनका निम्ति माटो खन्ने तथा पुर्ने कार्य गरेको भनी उल्लेख गरेको देखिएकोमा फिल्डमा गई नाँपजाँच गर्दा भने केबल ७०० मिटरसम्म मात्र काम भएको र फिल्डमा बास्तविक भएको काम भन्दा नापी किताब एवं कार्य सम्पन्न प्रतिवेदनमा बढी मूल्यांकन गरी रु. ५,१५,१०८।९७ (अक्षेरपि पाँच लाख पन्ध्र हजार एक सय आठ रुपैंया सन्तानब्बे पैसा) बराबरको रकम बढी भुक्तानी भएको भन्ने समेत बेहोरा उल्लेख भएको देखिदा यि प्रतिवादीहरुले आपसमा बदनियतपुर्ण मिलेमतो गरि रु. ५,१५,१०८।९७ (अक्षेरपि पाँच लाख पन्ध्र हजार एक सय आठ रुपैंया सन्तानब्बे पैसा) को काम नै नगरि नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदनमा काम भएको देखाई नेपाल सरकारलाई गैर कानूनी हानी नोक्सानी पुर्याएको तथ्य स्थापित भई रहेको अवस्थामा उक्त स्थलगत नापजाँच एवं प्राविधिक प्रतिवेदनलाई प्रमाण ऐन २०३१ को दफा २० बमोजिम प्रमाणमा ग्रहण गर्नु पर्नेमा उक्त प्रमाणको अन्यथा ब्याख्या गरी प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ।<br>• प्रमाण ऐन, २०३१ को दफा २० मा प्रचलित नेपाल कानून बमोजिम कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा कुनै टिप्पणी वा प्रतिवेदन तयार गरि कुनै खास ठाँउ वा कार्यालयमा पेस गर्नु पर्ने कानूनी कर्तब्य भएका ब्यक्तिले आफनो कर्तब्य पालनको शिलसिलामा लेखेको त्यस्तो टिप्पणी वा प्रतिवेदन प्रमाणमा लिन हुन्छ भन्ने कानूनी ब्यवस्था रहेको देखिन्छ।सोही ऐनको दफा १८ मा कुनै काम घटना वा अवस्थाका सम्वन्धमा भएको अनुसन्धान वा जाँचबुझको शिलशिलामा प्रचलित नेपाल कानुन बमोजिम तयार बएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा ब्यक्त गर्ने ब्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भइ बयान गरेमा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी ब्यवस्था रहेकोले प्रस्तुत मुद्दा स्थलगत नापजाँच गरि प्राविधिक प्रतिवेदन गर्ने साक्षी सबइन्जिनियर प्रशान्त थापाले अदालतमा उपस्थित भई आफ्नो प्रतिवेदनलाइ सोधपुछ जिरह प्रक्रियामा समेत पुष्टि हुने गरि बकपत्र गरेको देखिदा देखिँदै Cross Examination बाट पुष्टि भएको प्रमाणलाई विश्वासनिय भएन भन्ने जस्ता आत्मगत तर्क द्धारा विश्लेषण गरि उक्त प्रमाणलाइ Deny गरि भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ।यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार वि. वैद्यनाथ पण्डितको मुद्दामा (**ने.का.प. २०६४ वैशाख, अंक १, नि.नं. ७८०९**) "प्रमाण ऐन, २०३१ को दफा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सफाई दिने ठहर गरि फैसला भएको देखिन्छ। | | ५० बमोजिम जिरह समेत भएको साक्षीको बकपत्रलाई Legally admissible evidence को रुपमा अदालतले Direct evidence मा लिनुपर्ने" भनी प्रतिपादित सिद्धान्त रहेकोले उक्त कानुनी व्यवस्था र नजिर सिद्धान्त विपरीत भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ ।<br>• उक्त खानेपानी आयोजनाको नापी किताव र कार्यसम्पन्न प्रतिवेदन तत्कालीन सबइन्जिनियर हर्कधन बुढा, इन्जिनियर रुद्रबहादुर वलीले तयार गरेको देखिन्छ। उक्त आयोजनाको अनुगमनको जिम्मा समेत पाएका वडा अध्यक्ष सालीग्राम ऐडीले उक्त बजेट अनुसारको निर्माण कार्य सम्पन्न भई प्राविधिक अनुगमन मुल्यांकन भईसकेको भनि उपभोक्ता समितिलाई रकम भुक्तानीको लागि सिफारिस गरेको देखिन्छ। देखिन्छ। उक्त आयोजनाको अनुगमनको जिम्मा समेत पाएका प्रमुख प्रशासकीय अधिकृत विष्णुबहादुर शाही र गाँउपालिकाका अध्यक्ष धनलाल चौलागाईले स्थलगत अनुगमन ने नगरि अन्य प्रतिवादीहरु सँगको मिलेमतोमा गाँउपालिकाका प्राविधिकहरुले तयार गरेको नापी किताव कार्यसम्पन्न प्रतिवेदनलाई प्रमाणित गरि बैधता प्रदान गरी भुक्तानीको लागी लेखापाल धर्मवीर पल्ली मगरलाइ समेत मिलाई उपभोक्ता समितिले पेश गरेको झुट्टा बिल भरपाईलाई प्रमाणित गरी भुक्तानीको लागी टिप्पणी तयार गर्ने, चेक गर्ने, प्रमाणित गर्ने र टिप्पणी स्वीकृत गरी भुक्तानी दिने कार्य गरेको देखिन्छ। यसरी उपभोक्ता समितिका पदाधिकारीहरु र पालिकाका जिम्मेवार पदाधिकारी एवं कर्मचारीहरुले बदनियतपुर्ण मिलेमतो गरि नभएको काम लाई भए गरेको देखाई नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याउने बदनियतले काम गरे गराएको देखिँदा देखिँदै उक्त तथ्यको सुक्ष्म विश्लेषण नगरी सरकारी सम्पति हानी नोक्सानी गर्नमा Common Interest, Common liability रहेका यी प्रतिवादीहरुलाइ आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा आरोप दावीबाट सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ ।<br>• उपभोक्ता समितिका अध्यक्ष कालीबहादुर बुढा, सचिव रतन बुढा र कोषाध्यक्ष बिरकुल्ली बुढाले अनुसन्धानका क्रममा बयान गर्दा "आ.व. २०७४/०७५ मा रु.३,००,०००।— वडा नं. ३ को कर्मचारी मानबहादुर ऐडी र वडा सदस्य प्रबल वुढालाई फिर्ता गरेको र बाँकी रु.३,००,०००।— रकमको काम राम्ररी सम्पन्न गरेको हो" भन्ने व्यहोरा उल्लेख गरी बयान गरेको देखिएतापनि निज मानबहादुर ऐडी र वडा सदस्य प्रबल बुढा बयान गर्दा आफूहरुले उपभोक्ता समितिका पदाधिकारीबाट कुनै रकम नलिएको भनी बयान गरेको देखिएकोले यी प्रतिवादीहरु उपभोक्ता समितिका अध्यक्ष कालीबहादुर बुढा, सचिव रतन बुढा र कोषाध्यक्ष बिरकुल्ली बुढाले तोकिएको बजेट अनुसारको काम नगरेको तथ्य थप पुष्टि भएको देखिन्छ। यि प्रतिवादीहरुले नापी किताव तथा कार्यसम्पन प्रतिवेदन अनुसारको काम फिल्डमा गरेका छैनन भन्ने तथ्य स्थलगत मुचुल्का एवं नापजाँच प्रतिवेदन गर्ने प्रतिवेदकहरुको बकपत्र समेतवाट पुष्टि भएकोले देखिदा देखिदै सोको अध्ययन मुल्यांकन नगरि प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ।<br>• अतः उपरोक्त उल्लिखित आधार, कारण समेतका आधारमा प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने ठहर गरी भएको विशेष अदालतको फैसला तथ्य एवं प्रमाणहरुको विश्लेषणको रोहबाट त्रुटिपूर्ण हुँदा उक्त विशेष अदालतको फैसला बदर गरी निज प्रतिवादीहरु धनलाल चौलागाईं, शालिग्राम ऐडी, विष्णुबहादुर शाही, रुद्रबहादुर वली, हर्कधन बुढा, धर्मवीर पल्ली मगर, कालीबहादुर बुढा, रतन बुढा र वीरकुल्ली बुढालाई आरोप मागदाबी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ । |